फेदीखोला गाउँपालिका
# स्थानीय राजपत्र
गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

खण्ड ५ | संख्या ३ | २०७८/०४/०१

गाउँसभाबाट पारित : २०७८/०३/१०
प्रमाणिकरण : २०७८/०३/२०

## भाग १

# फेदीखोला गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M)

फेदीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा

फेदीखोला गाउँपालिका, स्याङ्जा


**प्रस्तावना:**

मुलुक संघीय संरचनामा रुपान्तरण भएपछि साविकको संगठन संरचना र दरबन्दी बमोजिम कर्मचारी समायोजन भइसकेको वर्तमान अवस्था विश्लेषण गरी गाउँपालिकाको अधिकार सूची, कार्यबोझ र कार्यप्रकृति बमोजिम आवश्यक दरबन्दी कायम गर्न आवश्यक भएकोले नेपालको संविधानको अनुसूची ८ र ९ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा उल्लेखित काम, कर्तव्य र अधिकार बमोजिम कार्य गरी यस गाउँपालिकाबाट जनतालाई प्रवाह गरिने सेवा सुविधालाई छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी र गुणस्तरीय बनाउन गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहने शाखाहरु र विषयगत शाखाहरु तथा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहने वडा कार्यालय र स्वास्थ्य चौकीहरुको कार्य, जिम्मेवारी/कार्यबोझका आधारमा दरबन्दी निर्धारण गर्न, दरबन्दीका आधारमा सेवा समूह, योग्यता, तह/श्रेणी निर्धारण गर्न, अनावश्यक दरबन्दी कटौती गर्न, आवश्यक दरबन्दी सृजना गर्न, समग्र संगठन संरचनालाई उचित आकारमा (right sizing) ल्याउन मिति २०७८/०३/१० को नवौं गाउँसभाद्वारा यो संगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरिएको छ।

१. **संक्षिप्त नाम :** पुनर्गठित संगठन संरचनाको नाम "फेदीखोला गाउँपालिको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M)" रहेको छ।

२. **प्रारम्भ :** यो संगठन संरचना राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

## ३. स्वीकृत संगठन संरचना:



४. **स्वीकृत दरबन्दी तेरीजः** गाउँपालिकाबाट प्रदान हुने सेवा व्यवस्थापनको लागि देहाय बमोजिमको दरबन्दी तेरीज रहने छ;

**(१) गाउँ कार्यपालिकाको कार्यालयको दरबन्दी तेरिजः**

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उप समूह | साविक पद | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सामान्य प्रशासन | | १ | | | १ | |
| २ | इन्जिनियर | ६/७/८ औं | इन्जिनियरिङ | सिभिल | जनरल | १ | | | १ | |
| ३ | अधिकृत | ६/७/८ औं | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | १ | | | १ | |
| ४ | अधिकृत | ६/७/८ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| ५ | अधिकृत | ६/७/८ औं | कृषि | बालि संरक्षण | | १ | | | १ | |
| ६ | अधिकृत | ८/९ औं | कृषि | भेटेरिनरी | | १ | | १ | ० | |
| ७ | अधिकृत | ६/७ औं | स्वास्थ्य | हेल्थ ईन्सपेक्सन | | १ | | | १ | |
| ८ | अधिकृत | ६ औं | इन्जिनियरिङ | सिभिल | विल्डिङ एण्ड आर्किटेक्ट /जनरल | ० | १ | | १ | |
| ९ | अधिकृत | ६ औं | प्रशासन | सामान्य प्रशासन | | २ | | | २ | |
| १० | अधिकृत | ६ औं | कृषि | बागवानी | | ० | १ | | १ | |
| ११ | अधिकृत | ६ औं | कृषि | लापोडेडे | | ० | १ | | १ | |
| १२ | सूचना प्रविधि अधिकृत | ६ औं | विविध | | | ० | १ | | १ | |
| १३ | प्राविधिक सहायक/अधिकृत | ५/६ औं | कृषि | खा.पो.गु.नि. | | ० | १ | | १ | |
| १४ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| १५ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | | १ | |
| १६ | सहायक | ५ औं | प्रशासन | सामान्य प्रशासन | | ४ | | | ४ | |
| १७ | सहायक | ५ औं | न्याय | कानून | | ० | १ | | १ | |
| १८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | | १ | |
| १९ | प्राविधिक सहायक | ५ औं | शिक्षा | शिक्षा प्रशासन | निरीक्षण | १ | | | १ | |
| २० | प्राविधिक सहायक | ५ औं | कृषि | एकिकृत समूह | | २ | | १ | १ | |
| २१ | प्राविधिक सहायक | ५ औं | कृषि | लापोडेडे | | १ | | १ | ० | |
| २२ | प्राविधिक सहायक | ५ औं | कृषि | भेटेरिनरी/लापोडेडे | | १ | | | १ | |
| २३ | सहायक | ५ औं | स्वास्थ्य | क.न./ज.न. | | १ | | | १ | |
| २४ | सव-इन्जिनियर | ५ औं | इन्जिनियरिङ | सिभिल | जनरल | २ | | | २ | |
| २५ | अमिन/सर्भेक्षक | ४/५ औं | इन्जिनियरिङ | सर्भे | | ० | १ | | १ | |
| २६ | खा.पा.स.टे. | ४/५ औं | इन्जिनियरिङ | सिभिल | स्यानीटरी | १ | | | १ | |
| २७ | सहायक | ४ औं | प्रशासन | सामान्य प्रशासन | | ० | १ | | १ | |
| २८ | नायव प्राविधिक सहायक | ४ औं | कृषि | एकिकृत समूह | | १ | १ | | २ | |
| २९ | नायव प्राविधिक सहायक | ४ औं | कृषि | भेटेरिनरी | | १ | | | १ | |
| ३० | नायव प्राविधिक सहायक | ४ औं | कृषि | लापोडेडे | | १ | | १ | ० | |
| ३१ | सहायक महिला विकास निरीक्षक | ४ औं | विविध | | | १ | | | १ | |
| ३२ | असिष्टेण्ट सव-इन्जिनियर | ४ औं | इन्जिनियरिङ | सिभिल | जनरल | १ | | | १ | |
| | **कार्यपालिकाको कार्यालय तर्फ जम्मा** | | | | | ३० | ९ | ४ | ३५ | |

## (२) वडा कार्यालय तर्फ (५ वटा) को दरबन्दी तेरीजः

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | साविक पद | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सहायक | ५ औं | प्रशासन | सामान्य प्रशासन | | २ | | | २ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जिनियरिङ | सिभिल | जनरल | २ | | २ | ० | |
| ३ | सहायक | ४ औं | प्रशासन | सामान्य प्रशासन | | ४ | | १ | ३ | |
| ४ | असिष्टेण्ट सव-इन्जिनियर | ४ औं | इन्जिनियरिङ | सिभिल | जनरल | ४ | | १ | ३ | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | **१२** | **०** | **४** | **८** | |
| **गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयको जम्मा** | | | | | | **४२** | **९** | **८** | **४३** | |

**नोटः**

- रा.प.अनं. तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ। त्यस्तो पदमा कार्यरत कर्मचारीको पद जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।
- संगठन संरचना भित्र नपरेका स्थायी कर्मचारीहरुलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत् कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज लगाउनुपर्नेछ।
- स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. ४ औं वा ५ औं तहको कर्मचारीलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सव-इन्जिनियर, असिष्टेण्ट सव-इन्जिनियर वा प्रा.स.को पदमा कामकाज लगाउन सकिनेछ।
- यस दरबन्दी भन्दा वाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नुपर्नेछ।
- अधिकृत ६ औं (स्वा./हे.ई.) भन्नाले स्वास्थ्य सेवा, हेल्थ ईन्सपेक्सन समुहको छैटौं तहका जनस्वास्थ्य निरीक्षक, हे.अ. अधिकृत, सि.अ.हे.व. अधिकृत, प.नि.सु. निरीक्षक, खोप निरीक्षक, क्षे.कु. निरीक्षक, भे.क.स. निरीक्षक वा सो सरहका पदनामलाई जनाउनेछ। सो पद रिक्त भएमा हे.अ. ५ औं (स्वा./हे.ई.) बाट पदपूर्ती गरिनेछ।
- अधिकृत ६ औं (स्वा./क.न./ज.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समूहका प.हे.न. वा सि./अ.न.मी. ६ तह वा जनरल नर्सिङ समूहका स्टाफ नर्स ६ तह (स्वा./ज.न.) लाई जनाउनेछ र सो पद रिक्त भएमा स्वास्थ्य सेवा, प.हे.न./स्टाफ नर्स ५ तहबाट पदपूर्ती गरिनेछ।
- सवारी चालक, कार्यालय सहयोगी, स्वीपर, डोजर/लोडर अपरेटर, हेल्पर, समाज परिचालक र अन्य प्राविधिक कर्मचारी गाउँ कार्यपालिकाको कार्यालयले आवश्यकता अनुसार निर्णय गरी करार सेवाबाट पदपूर्ती गर्न सक्नेछ।

## (३) स्वास्थ्य चौकी तर्फको दरबन्दी तेरीजः

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | साविक पद | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ६ औं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | | ४ | | | ४ | |
| २ | सहायक | ५ औं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | | ४ | | | ४ | |
| ३ | सहायक | ५ औं | स्वास्थ्य | कम्युनिटी नर्सिङ | | ४ | | | ४ | |
| ४ | सहायक | ४ औं | स्वास्थ्य | हेल्थ इन्सपेक्सन | | ४ | | | ४ | |
| ५ | सहायक | ४ औं | स्वास्थ्य | कम्युनिटी नर्सिङ | | ४ | | | ४ | |
| | **जम्मा** | | | | | **२०** | | | **२०** | |

**नोट:**

(१) अधिकृत ६ तह (स्वा.से./हे.ई.) भन्नाले स्वास्थ्य सेवाको हेल्थ ईन्सपेक्सन समूहको छैटौं तहका जनस्वास्थ्य निरीक्षक, हे.अ./सि.अ.हे.व अधिकृतलाई जनाउनेछ। सो पद रिक्त भएमा हेल्थ असिष्टेण्ट ५ तह (स्वा.से./हे.ई.) बाट पदपूर्ती गरिनेछ।

(२) सहायक ५ तह (स्वा.से./हे.ई.) भन्नाले स्वास्थ्य सेवाको हेल्थ ईन्सपेक्सन समूहको ५ तहका सि./अ.हे.व.लाई जनाउनेछ। सो पद रिक्त भएमा अ.हे.व. ४ तह (स्वा.से./हे.ई.) बाट पदपूर्ती गरिनेछ।

(३) सहायक ५ तहमा (स्वा.से./क.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समूहको ५ तहका सि./अ.न.मी.लाई जनाउनेछ। सो पद रिक्त भएमा अ.न.मी. ४ तह (स्वा.से./क.न.) बाट पदपूर्ती गरिनेछ।

(४) सम्बन्धित परिषदमा दर्ता भएका मध्येबाट स्वास्थ्य चौकीमा तहगत जेष्ठताको आधारमा ईन्चार्ज हुनेछ। तर समान तहको हकमा सम्बन्धित परिषदमा दर्ता भएका मध्येबाट देहायको प्राथमिकताको आधारमा ईन्चार्ज हुनेछन्।

- (क) पाँचौ तहमा लोकसेवा प्रक्रिया पूरा गरी सेवा प्रवेश गरेको।
- (ख) पाँचौ तहको लागि तोकिएको शैक्षिक योग्यता भएको।
- (ग) स्वास्थ्य सेवा ऐनको दफा ९ (ख) अनुसार पदस्थापन भएको।
- (घ) सम्बन्धित तहको लागि मन्त्रालयले तोकेको स्तरवृद्दि तालिम लिएको।

(५) ल्याव असिष्टेण्ट र कार्यालय सहयोगीको पदपूर्ती आवश्यकताको आधारमा करारमा नियुक्त गर्न सकिनेछ।

आज्ञाले
चिरन्जीबी बराल
प्रमुख प्रशासकीय अधिकृत